मुसिकोट नगरपालिका, नगर कार्यपालिकाको १५ औं बैठक मिति २०७९।९।२८ का निर्णयहरु,

निर्णय नम्वर १, मुसिकोट नगरपालिकाको आव २०७८।०७९ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन प्रणाली (LISA) अनुमोदन सम्बन्धमा नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा मुख्य मन्त्रपरिषदको कार्यालय, प्रदेश तथा स्थानीय तह शासन सहयोग कार्यक्रम प्रदेश सुशासन केन्द्र, विरेन्द्रनगर सुर्खेतको वार्षिक कार्यक्रम अनुसार यस नगर पालिकाको आ.व २०७८/७९ को स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको लागि अन्तर्क्रियात्मक कार्यक्रम गरी प्रारम्भिक रुपमा तयार गरिएको नतिजालाइ जिल्ला समन्वय समितिको कार्यालय रुकुम पश्चिमले प्रदान गरेको पृष्ठपोषणको आधारमा कार्यपालिका बैठकमा पेश गरेको नतिजा उपर सुचकगत रुपमा छलफल र विश्लेषण गरी तपसिल अनुससार यथार्थ अंक भार निर्धाणर गरियो ।

**तपसिल**

| क्र.स | सुचक | पुर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|
| १ | शासकिय प्रबन्ध | ९ | ८.२५ | ९१.६७ |
| २ | संगठन तथा प्रशासन | ८ | ७ | ८७.५ |
| ३ | वार्षिक बजेट तथा योजना तर्जुमा | ११ | ७ | ६३.६४ |
| ४ | वित्तिय एवम आर्थिक व्यवस्थापन | ११ | ८.५ | ७७.२७ |
| ५ | सेवा प्रवाह | १६ | १२.७५ | ७९.६९ |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | ६.५ | ९२.८६ |
| ७ | भौतिक पुर्वाधार | १३ | ८ | ६१.५४ |
| ८ | सामाजिक समावेशीकरण | १० | ४.७५ | ४७.५ |
| ९ | वातावरण तथा विपद् व्यवस्थापन | ९ | ५ | ५५.५६ |
| १० | सहकार्य र समन्वय | ६ | २ | ३३.३३ |
| **जम्मा** | | १०० | ६९.७५ | ७० |

निर्णय नम्वर २, नेपाल सरकार संङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश तथा स्थानीय तह सहयोग कार्यक्रम प्रदेश सुशासन केन्द्र विरेन्द्रनगर सुर्खेतको वार्षिक कार्यक्रम अनुसार यस नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को स्थानीय तह संस्थागत क्षमता स्व मुल्याङ्कनको लागी अन्तक्रिया कार्यक्रम गरी प्रारम्भिक रुपमा तयार गरीएको नतिजालाइ जिल्ला समन्वय समितिको कार्यालयले प्रदान गरेको पृष्ठपोषणको आधारमा कार्यपालिका बैठकमा पेश गरेको नतिजा सुचकगत नतिजा उपर सुचकगत रुपमा छलफल र विश्लेषण गरी तपसिल अनुसार अन्तिम नतिजा अनुमोदन गर्ने निर्णय गरीयो ।

तपसिल

| क्र.स | सुचक | पुर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|
| १ | शासकिय प्रबन्ध | ९ | ८.२५ | ९१.६७ |
| २ | संगठन तथा प्रशासन | ८ | ७ | ८७.५ |
| ३ | वार्षिक बजेट तथा योजना तर्जुमा | ११ | ७ | ६३.६४ |
| ४ | वित्तिय एवम आर्थिक व्यवस्थापन | ११ | ८.५ | ७७.२७ |
| ५ | सेवा प्रवाह | १६ | १२.७५ | ७९.६९ |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | ६.५ | ९२.८६ |
| ७ | भौतिक पुर्वाधार | १३ | ८ | ६१.५४ |
| ८ | सामाजिक समावेशीकरण | १० | ४.७५ | ४७.५ |
| ९ | वातावरण तथा विपद् व्यवस्थापन | ९ | ५ | ५५.५६ |

| क्र.स | सुचक | पुर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|
| १० | सहकार्य र समन्वय | ६ | २ | ३३.३३ |
| **जम्मा** | | **१००** | **६९.७५** | **७०** |

आगामी वर्ष स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन कार्यविधि २०७७ पहिलो शंशोधन २०७८ को दफा ट को उपदफा (४) बमोजिम निर्माण गरीएको वार्षिक कार्ययोजना आगामी वर्षमा समेत कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नम्वर ३, स्थानीय तहको बित्तिय सुशासन जोखिम मूल्याङ्कन प्रणाली (FRA) को आव २०७८।०७९ को नतिजा पनि अनुमोदन गर्ने निर्णय गरीयो ।

निर्णय नम्वर ४, समपुरक र विशेष अनुदान योजना माग सम्बन्धमा राष्ट्रिय योजना आयोग, विशेष समपुरक अनुदान कार्यक्रमतर्फ आव २०८०।०८१ मा संचालन हुने योजना मागको लागि सुचना प्रकाशन भएकोमा यस अघि डिपिआर भएका योजनाहरुमध्ये तपसिलका योजनाहरु प्राथमिकताक्रम तोकी अनलाइन प्रणाली http://csgrants.gov.np/ मा माग गर्ने निर्णय गरीयो ।

तपसिल

| प्राथमिकता क्रम | स्रोत | योजनाको नाम | ठेगाना |
|---|---|---|---|
| १ | विशेष | Solabang Jhulkhet Ghattekhola Kwama Ghorkhani Road | मु.न.पा. ८ |
| २ | विशेष | Danda Saunepani-Kamibudha Memorial Park-Chaur-Mathillo Tila Road | मु.न.पा. १० |
| ३ | विशेष | Musikot City Ring Road | मु.न.पा. रुकुम पश्चिम |
| ४ | विशेष | Ratapahar Bhalakcha Jhulkhet Road | मु.न.पा. ११ |
| ५ | विशेष | Football Stadium | धैरेनीचौर, मु.न.पा. ०३ |
| १ | समपुरक | Chherabagar-Dandachhebang-Highbang-Totke-Dopai Road | मु.न.पा. १३ |
| २ | समपुरक | Chhariphalnne-Jairigaaun-Saadhangairaa Agriculture Road | मु.न.पा. ०७ |
| ३ | समपुरक | Salle-Kaildeu Road | मु.न.पा. ०१ |
| ४ | समपुरक | Jhulkhet to Kharsuwapaani Road | मु.न.पा. ०९ |
| ५ | समपुरक | Rugha Khola (Sheetal Bazar) Road Bridge | मु.न.पा. ११ |

निर्णय नम्वर ५, नगरपालिकाको लोगो तथा परिचयपत्र सम्बन्धमा मुसिकोट नगरपालिकाको अलग्गै लोगो तथा परिचय पत्रको लागि आवश्यक बजेट व्यवस्था गर्ने निर्णय गरीयो ।

निर्णय नम्वर ६, सुरक्षित नागरिक आवास सम्बन्धमा सुरक्षित नागरिक आवासको लागि खरको छानो भएका नागरिकलाई जस्तापाताको छानामुनी ल्याउनको लागि प्रत्येक वडामा रहेका नागरिकको विवरण पहिचान तथा एकिन गरी वितरण गर्नेगरी चालु आवमा स्वीकृत ८९ लाख बजेटबाट ५५ हजारको दर कायम हुनेगरी १६१ कोटा कायम गर्ने र उक्त

कोटा प्रति वडा १० वटाका दरले १४० वटा कोटा, बाँकी २१ वटा कोटा नगरपालिकामा प्राप्त निवेदनका आधारमा बढी जनसंख्या र माग भएका आवश्यक वडालाई प्राथमिकता दिई वितरण गर्ने निर्णय गरीयो ।

निर्णय नम्वर ७, भवन तथा नक्शा पास सम्बन्धमा मुसिकोट नगरपालिका स्थित नयाँ भवन निर्माण गर्दा भवन निर्माण तथा नक्सा पास मापदन्डलाई अनिवार्य रुपमा लागू गर्ने, यस अघि बनेका घरहरुलाई निश्चित समयावधी तोकी अभिलेखीकरण गर्नको लागि कार्यविधी तयार गरी अर्को बैठकमा पेश गर्ने र भवन निर्माण तथा नक्सा पास सम्बन्धमा नगरपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरुलाई तालिम संचालन गर्नको लागि पुर्वाधार विकास समितिबाट पेश भएको प्रस्ताव अनुसार रकम उपलब्ध गराउने निर्णय गरीयो ।

निर्णय नम्वर ८, अनुगमन सम्बन्धमा योजना कार्यान्वयन र भुक्तानीको सन्दर्भमा ७ लाख सम्म कूल लागतका योजनाहरु वडा अध्यक्षको अध्यक्षता, उक्त वडाबाट निर्वाचित जनप्रतिनिधिहरु, प्राविधिक, वडा सचिव समेत रहेको वडा अनुगन समितिले र ७ लाख भन्दा बढी लागतका योजना नगरपालिकाबाट अनुगमन गर्ने निर्णय गरीयो ।

निर्णय नम्वर ९, मुसिकोट नगरपालिकाको डोजर सम्बन्धमा मुसिकोट नगरपालिकाको नाममा रहेको डोजरलाई प्राविधिकबाट चेकजाँच गराई नगरपालिकामा ल्याउने र थप मर्मत गरी संचालनको सम्बन्धमा प्राविधिकको सुझाव अनुसार गर्ने निर्णय गरीयो ।

निर्णय नम्वर १०, ईन्धन व्यवस्थापन तथा प्राप्ती सम्बन्धमा मुसिकोट नगरपालिकामा कार्यरत कर्मचारीलाई इन्धन वितरण सम्बन्धमा इन्धन सुविधा सम्बन्धी मापदन्ड २०७६ कार्यान्वयन गर्ने निर्णय गरीयो ।

निर्णय नम्वर ११, कन्टेन्जेन्सी खर्च व्यवस्थापन कार्यविधि सम्बन्धमा कन्टिजेन्सी रकमको खर्च व्यवस्थापन सम्बन्धमा विधायन समिति मार्फत कार्यविधिको मस्यौदा तयार गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरीयो ।

निर्णय नम्वर १२, कार्यरत करार कर्मचारीहरुको कार्यसम्पादन स्तर मुल्याङ्कन गरी कार्यसम्पादन सन्तोषजन भएमा मात्र कार्यरत कर्मचारीको म्याद २०७९ माघ १ गतेदेखि २०८० असार मसान्तसम्म थप गर्नको लागि प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरीयो ।

निर्णय नम्वर १३, मुसिकोट नगरपालिकाका नगर करार शिक्षक म्याद थप सम्बन्धमा कार्यरत नगर करार शिक्षकहरुको कार्यसम्पादन स्तर मुल्याङ्कन गरी कार्यसम्पादन सन्तोषजन भएमा मात्र मुसिकोट नगरपालिकाका सामुदायिक विद्यालयमा कार्यरत नगर करार शिक्षकहरुको म्याद २०७९ माघ १ गतेदेखि २०८० असार मसान्तसम्म थप गर्ने निर्णय गरीयो ।

निर्णय नम्वर १४, मुसिकोट नगरपालिका अन्तर्गत वडा कार्यालय तथा विद्यालय, स्वास्थ्य संस्थाहरुमा कार्यरत स्थायी, अस्थायी, करार, शिक्षा, स्वास्थ्य तथा स्थानीय सेवाका नगरपालिका मार्फत पारिश्रमिक पाउने सबै सेवा समुहका शिक्षक, कर्मचारीहरुको मासिक पारिश्रमिक भुक्तानीको लागि सम्बन्धित वडा कार्यालयहरुको हाजिरी प्रमाणित गरेर मात्र तलब भत्ता, पारिश्रमिक भुक्तानी गराउने निर्णय गरीयो ।

निर्णय नम्वर १५, नगरप्रहरीलाई प्रशासन शाखा मार्फत थप सशक्त र प्रभावकारी पार्ने, यस सम्बन्धमा थप कार्यविधि आगामी बैठकमा पेश गर्ने निर्णय गरीयो ।

निर्णय नम्वर १६, डिपिआर सम्बन्धमा मुसिकोट नगरपालिकाबाट डिपिआर गर्नको लागि यस अघिको कार्यपालिकाबाट निर्णय भएको र आगामी दिनमा डिपिआर गर्नको लागि योजना छनौट गर्दा यसअघि डिपिआरमा नसमेटिएका वडा र क्षेत्र

समेटिने गरी वडा कार्यालयबाट अति आवश्यक योजनाहरु माग गरी यस अघि छुटेका वडाका योजनाहरुलाई प्राथमिकतामा दिई बजेटको स्रोत खोजी क्रमश: डिपिआर गर्ने निर्णय गरीयो ।

निर्णय नम्वर १७, रकमान्तर गर्ने सम्बन्धमा बर्षाद् लगायत अन्य कारणले विग्रिएका सडक र वडा कार्यालय निर्माणको क्रममा छुट भएका क्रियाकलापको लागि सम्बन्धित वडाको निर्णय प्राप्त भएकोले तपसिल अनुसार रकमान्तर गरी आउंदो नगरसभामा अनुमोदनको लागि पेश गर्ने र वडा कार्यालयको बाँकी कामको लागि प्राविधिकबाट लागत अनुमान तयार गर्न लगाई आगामी बैठकबाट स्रोत खोजी गर्ने निर्णय गरीयो ।

तपसिल

| वडा | स्वीकृत कार्यक्रम | स्वीकृत बजेट | रकमान्तर गर्नुपर्ने कार्यक्रम | रकमान्तर गर्नुपर्ने बजेट | स्रोत |
|---|---|---|---|---|---|
| १ | वातावरण तथा विपद् व्यवस्थापन | १३०००० | बर्षाद्को कारण अवरुद्ध बाटो सरसफाई | १३०००० | राजश्व बांडफाँड संघ |
| १ | दशै घर मर्मत खलंगा | १००००० | बर्षाद्को कारण अवरुद्ध बाटो सरसफाई | १००००० | नेपाल सरकार नगद |
| १ | टटेला क्रियापुत्री भवन मर्मत तथा संरक्षण | १००००० | बर्षाद्को कारण अवरुद्ध बाटो सरसफाई | ५०००० | नेपाल सरकार नगद |
| ६ | संथागत क्षमता विकासका लागि तालिम संचालन | ७५००० | खेलकुद कार्यक्रम | ७५००० | राजश्व वांडफांड स्थानीय नगद |
| ६ | भैपरि आउने दैविक प्रकोप तथा प्राकृतिक प्रकोप व्यबस्थापन | २००००० | भन्डारीकांडा डांडिगाउँ मोटरबाटो सरसफाई तथा ट्याखोला खेलमैदान सरसफाई | २००००० | कर्णाली प्रदेश नगद |
| ६ | उत्कृष्ट किसानलाई सम्मान तथा पुरष्कृत | ४५००० | त्रिवेणी माघी मेला ट्याखोला व्यवस्थापन | ४५००० | राजश्व बाँडफाँड संघ |
| ६ | संचार महशुल | १५००० | भ्रमण खर्च | १५००० | राजश्व बाँडफाँड संघ नगद |
| ६ | घरभाडा | ३६००० | भ्रमण खर्च | १६००० | राजश्व बाँडफाँड संघ नगद |
| ६ | सार्वजनिक सुनुवाई | ५०००० | क्यालेन्डर निर्माण | ५०००० | राजश्व बाँडफाँड स्थानीय नगद |
| ८ | किउरीवाङ पातालखोला खानेपानी मर्मत | १५०००० | किटेनी काप्रीवास सडक मर्मत तथा सरसफाई | १५०००० | नेपाल सरकार नगद अनुदान |
| ८ | सुत्केरी भैसी स्याहार कार्यक्रम | १००००० | जेष्ठ नागरिक सम्मान कार्यक्रम थप | १००००० | राजश्व बांडफांड संघ नगद |
| | | | | | |
| १० | विपद व्यवस्थापन | ८०००० | सडक सरसफाई | ८०००० | कर्णाली नगद |
| १० | बृक्षारोपण कार्यक्रम | ७०००० | सडक सरसफाई | ७०००० | कर्णाली नगद |
| १० | सरसफाई कार्यक्रम | ५०००० | सडक सरसफाई | ५०००० | कर्णाली नगद |
| १२ | पशुपालन तथा कृर्षि व्यवसाय सम्बन्धी अभिमुखीकरण कार्यक्रम | १५०००० | कौछेखोला बैरागी ठांटी खानेपानी मर्मत | १००००० | राजश्व वांडफांड |
| १२ | पशुपालन तथा कृर्षि | १५०००० | १२ नम्वर वडा कार्यालय | ५०००० | राजश्व वांडफांड |

| वडा | स्वीकृत कार्यक्रम | स्वीकृत बजेट | रकमान्तर गर्नुपर्ने कार्यक्रम | रकमान्तर गर्नुपर्ने बजेट | स्रोत |
|---|---|---|---|---|---|
| | व्यवसाय सम्बन्धी अभिमुखीकरण कार्यक्रम | | मर्मत तथा कम्पाउन्डीङ्ग | | |
| १२ | पशुपालन तथा कृर्षि व्यवसाय सम्बन्धी अभिमुखीकरण कार्यक्रम | १५०००० | १२ नम्वर वडा कार्यालय मर्मत तथा कम्पाउन्डीङ्ग | १५०००० | राजश्व वांडफांड |
| १३ | जुरापानी मुहान इन्टेक धारा | ४५०००० | सडक सरसफाई | ४५०००० | नेपाल सरकार नगद अनुदान |
| १३ | मन्डली थान संरक्षण र प्रबर्धन | १००००० | सडक सरसफाई | १००००० | राजश्व बांडफांड प्रदेश नगद |
| १३ | वडाको वस्तुगत प्रोफाईल डकुमेन्ट्री निर्माण | १००००० | वडाको डिजिटल बोर्ड निर्माण | १००००० | राजश्व बांडफांड स्थानीय नगद |

निर्णय नम्वर १८, निर्माण सम्पन्न नयाँ वडा कार्यालयहरुमा आवश्यक पर्ने फर्निचर, कार्पेट, पावर ब्याकअप, इन्टरनेट लगायतका कार्यालय सामग्री व्यवस्थापन गर्न आवश्यक बजेट व्यवस्था गर्ने निर्णय गरीयो ।

निर्णय नम्वर १९, मुसिकोट नगरपालिकामा निर्माण गर्न बाँकी रहेका वडा कार्यालयहरुमध्ये वडा नम्वर १, ४, ५, ९ र १४ नम्वर वडा कार्यालय निर्माणको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेशमा बजेट माग गर्ने निर्णय गरीयो ।

निर्णय नम्वर २०, नगर अस्पतालको लागि सम्भावित जग्गा प्राप्ती सम्बन्धमा उपयुक्त स्थान पहिचान गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरीयो ।

निर्णय नम्वर २१, सेवा निवृत्त कार्यालय सहयोगी धनबहादुर घर्तीको सेवासुविधा सम्बन्धमा निजका नियुक्ती, सेवा अवधि लगायतका कागजातहरु अध्ययन गरी निजले मुसिकोट नगरपालिकामा लामो समयसम्म पुर्याएको योगदानको कदर गरी कर्मचारी कल्याण कोष सम्बन्धी शीर्षकबाट बढीमा ३ लाख भुक्तानी गर्ने निर्णय गरीयो ।

निर्णय नम्वर २२, योजनाहरुको सम्झौताको म्याद थप सम्बन्धमा आव २०७९।०८० मा स्वीकृत योजनाहरुको सम्झौता गर्ने म्याद यस अघि २०७९ पुष १५ सम्म रहेकोमा केही वडाहरुका योजना सम्झौताको काम बाँकी रहेकोले सम्झौता गर्ने म्याद थप गरी २०७९ माघ मसान्तसम्म कायम गर्ने निर्णय गरीयो ।

माथिका निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपुर्ण वातावरणमा सम्पन्न भयो ।